नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २५३ २०७८ साल असार ९ गते बुधबार (23 June 2021 Wednesday) मूल्य रु. ५/-

"लैङ्गिक तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा नलुकाउः हिंसाबारे बोलौं समाजमा खोलौं ।"
"लैङ्गिक हिंसा मुक्त समाजः निर्माण गरौं सभ्य समाज ।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पोखरीमा डुबेर १२ महिनामा १२ ... ३ पृष्ठमा : रगतको अभाव भइरहेका ... ३ पृष्ठमाएप्पल ट्याबलेट कम्प्युटर...

## बेगवानी दम्पतीको हत्यामा संलग्न एक फरार प्रतिवादी सात बर्ष पछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरीको हनुमाननगर निवासी एक कपडा व्यापारी दम्पत्तिको हत्या भएको ७ वर्षपछि प्रहरीले उक्त हत्याका फरार मध्ये एक प्रतिवादीलाई पक्राउ गरेको छ ।

तत्कालिन हनुमाननगर वडा नं. ५ निवासी ५५ वर्षिय प्रेमसुद वेगवानी र उनको ५० वर्षिया श्रमिती सरोजदेवी वेगवानीको हत्या भएको थियो । उक्त हत्या घटनामा ८ जनाको संलग्नता रहेको मध्ये सो समयमा ६ जना पक्राउ परिसकेका छन् भने अन्य फरार रहेका मध्येबाट साबिकको भारदह १ हाल हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ निवासी ३४ वर्षिय बब्लु मण्डललाई प्रहरीले पक्राउ गरेको हो ।

गोप्य सूचनाको आधारमा जेठ २ गते जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको प्रहरी टोलीले गाउँ घरमै लुकीछिपी बसेको अवस्थामा मण्डललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनााएको छ ।

बेगवानी दम्पत्तिलाई टाउँको र घाँटीमा धारिलो हतियार प्रयोग गरि हत्या गरिएको थियो । २०७१ जेठ २१ गते १० बजे राती छिमेकी घरबाट प्रवचन सुनेर प्रेमसुद आफ्नो घरमा प्रवेश गरेका थिए । त्यसको भोली पल्ट बिहान ९ बजे दुध दिन आएका व्यक्तिले ढोका ढकढकाएपछि कोही नआएकोले स्थानीयहरु मध्ये एकले भऱ्याङ्ग लगाएर छतमाथी चढेर हेर्दा ढोका खुलेको र उनीहरु दुबैको लाश तल खाटमुनी छरिएको थियो ।

सो घटना पश्चात् घर भित्र रहेको नगद, सुनचाँदीका गरगहनाहरु लगायत ५० लाख रकम समेत डाँका गरिएको थियो ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.ब. २०७७/०७८ को हालसम्म अदालतबाट फैसला भई फैसला कार्यान्वयन अन्तर्गत फरार रहेका १ हजार ६ जना प्रतिवादीलाई पक्राउ गरिसकेको छ ।

पक्राउ परेका मध्येबाट २ सय बर्ष ५ महिना ६ दिन कैद तथा १ करोड ३ लाख ९३ हजार ६ सय २३ रुपैया जरिवाना स्वरुप असुल उपरका लागि अदालतमा दाखिला गरी फछ्र्यौट गरिसकेको तथा फौजदारी मुद्दा अन्तर्गत १ सय ६४ र देवानी तर्फ ८ सय ४२ जना फरार प्रतिवादी पक्राउ गरि सकेको जनाएको छ ।

## कुटपिट गरि हत्याका चार जना आरोपि पक्राउपछि कारागार चलान



**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरीको रुपनी गाउँपालिकामा भएको एक हत्याका आरोपित चारजनालाई प्रहरीले पक्राउ गर्न सफल भएको छ ।

गत जेठ ६ गते सप्तरीको रुपनी गाउँपालिका १ का ५० वर्षिय रामदल यादवको खुकुरी प्रहार गरि हत्या गरेको आरोपमा पक्राउ परेका चारजनालाई शुक्रबार पूर्पक्षका लागि कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

कारागार चलान हुनेहरुमा सोही वडा निवासी बिनय यादव, मनोज यादव, मुकेश यादव र खडग नगरपालिका ५ निवासी महेश पासवान छन् । सामान्य विवादमा खुकुरी प्रहरी गरि हत्या गरेको आरोपमा घटनाकै दिन पक्राउ परेका चारै जनालाई आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया पश्चात् सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएपछि आदेशानुसार कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

योसँगै चालु आर्थिक वर्षको हालसम्ममा विभिन्न अपराधका फरार अभियुक्तको पक्राउ पर्ने संख्या १ हजार ८ पुगेको प्रहरीले जनाएको छ ।

आफ्नो घर, व्यवसायमा
बालबालिकालाई श्रममा नलगाऔं,
अरुलाई पनि बालश्रम प्रयोग नगर्न
सूचित गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## नौं वर्षिया बालिकालाई बलात्कार प्रयासपछि घाटी रेटेर हत्या गरेका मुख्य अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी ९ वर्षिया बालिकालाई बलात्कार प्रयासपछि घाटी रेटी हत्या गरेका मुख्य अभियुक्तलाई प्रहरीले तीन दिन नबित्दै पक्राउ गर्न सफल भएको छ ।



शुक्रबार भएको उक्त घटनामा गाउँकै एक यूवाको संलग्नता पुष्टि भएको जिल्ला प्रहरी कार्यालय सप्त्रीले जनाएको छ । स्थानिय १९ वर्षिय रोहित कुमार यादवले बलात्कार प्रयास बिफल भएपछि तथा आफ्नो पहिचान खुल्ने डरले बालिकाको हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।


शुक्रबार बाखा चराउन गएकी डाक्नेश्वरी नगरपालिका ३ की नौं वर्षिया शिवानीकुमारी यादवको हत्या भएको थियो । अबेर साँझसम्म घर नफर्किएपछि आफन्तले प्रहरीको सहयोगमा खोज्दै जाँदा सोही वडाको हटैलस्थित आँप बगैचा नजिकै बाँसघारीमा घाँटी रेटिएको तथा हत्यामा प्रयोग भएका हँसिया, बालिकाको दुई खुटाको बीचमा गाडीएको अवस्थामा मृत शरीर फेला परेको थियो ।

अनुसन्धानको क्रममा जिल्ला प्रहरीका साथै संघीय र प्रदेश प्रहरी कार्यालय जनकपुरबाट विशेष प्रहरी टोली परिचालित थिए । त्यस्तै तालिम प्राप्त कुकुरको समेत सहयोग लिइएको थियो ।

तीन दिन लगातारको अथक प्रयास र अनुसन्धानपछि मुख्य अपराधी पक्राउ गर्न सफलता मिलेको एसपी धमलाले बताए । कुकुरले गरेको संकेत तथा घटनाको सुक्ष्म अनुसन्धान गर्दै जाँदा हत्यारा आइतबार राती घरमै लुकीबसेको अवस्थामा पक्राउ परेको उनले जानकारी दिए ।

उनका अनुसार बाखा चराउन निस्केकी शिवानी आँप बगैचामा पुगेपछि आँप टिप्न लागेकी थिइन् । सोही स्थानमा घास काट्दै गरेका रोहितले एकान्तमा देखेर मुख थुनी बाँसघारीमा लगि लडाएर बलात्कारको प्रयास गरेका थिए । तर, शिवानी आमालाई भनिदिन्छु भन्दै चिच्याउन थालेपछि पोल र पहिचान खुल्ने डरले हँसियाले घाँटी रेटेर मारेको रोहितले स्वीकारेका छन् ।

प्रहरीले रोहितलाई सोमबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।



## सम्पादकीय

### बजार व्यवस्थित गर्नु जरुरी

राजविराज नगरपालिका भन्दा पछि बनेका नगरपालिकाहरु अहिले व्यवस्थित भई नमूनाको रुपमा परिचित भइसकेका छन् । तर यो नगरपालिका दिन प्रतिदिन अव्यवस्थित हुँदै गइरहेको छ । यहाँको बजार समेत अव्यवस्थित भइरहँदा सम्बन्धीत निकायले कुनै चासो समेत देखाउन सकेको छैन् । जग्गा अतिक्रमणदेखी घर बिना नक्सा पास गरि बनाउने प्रवृति पनि बढेको छ । सम्बन्धीत निकायहरुको अकर्मण्यताका कारण अहिलेसम्म एक दशकअघि बनेको बसपार्क संचालन समेत हुन सकेको छैन् । जसकारण बस पार्क गौचरणमा परिणत हुँदै गएको छ ।

राजविराज नगरपालिकाले यातायातका साधनहरु पार्कमा चाडै नै लाग्ने बारम्वार प्रतिबद्धता गरेता पनि अहिलेसम्म कुनै सुनुवाइ भएको देखिन्न । यो आफैमा एउटा चर्चाको विषय बनेको छ । राजविराजबाट चल्ने सबै बसहरु अहिले नगरको विभिन्न स्थानबाट लाग्ने र छुट्ने गरेकोले राजविराजको चार स्थान बस स्टेण्डमा परिणत भएको छ । जस कारण बसहरु सडक छेउमै लाग्ने गरेकोले यात्रुहरुलाई सास्ती व्योहर्नु परेको छ भने बटुवाहरुले विभिन्न प्रकारको कठिनाइहरु भोग्नु परेको छ । यसका लागि सम्बन्धित निकायलाई चाडै कुनै न कुनै विकल्प खोज्नु पर्ने आवश्यकता रहेको छ । सम्बन्धित निकायलाई यसतर्फ ध्यान दिन् जरुरी छ ।

यस्तै बजार अव्यवस्थित बन्नुमा सहरको सरसफाई, विभिन्न हाट बजार, पेटी अतिक्रमण, जताभावी पान, चिया, नास्ता पसल संचालन लगायतका रहेका छन् । तसर्थ यस सहरलाई व्यवस्थित बनाउन सम्पूर्ण नगरवासीहरुको दायित्व हुन जान्छ भने नगरपालिकाको कर्तव्य हो । यसप्रति समयमै ध्यान जाहोस् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पोखरीमा डुबेर १२ महिनामा १२ बालबालिकासहित २२ जनाले ज्यान गुमाए




**दैनिक समाचारदाता राजविराज, ८ असार ।**

सप्तरीमा १२ महिनामा १२ बालबालिकासहित २२ जनाको पोखरीमा डुबेर ज्यान गएको छ । जेठ महिनामा मात्र ४ जना बालबालिकाको पोखरीमा डुबेर ज्यान गएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार विगत २९ दिनको अवधीमा डाक्नेश्वरी नगरपालिका ३ की २ वर्षिया अबिया खातुन, कंचनरुप नगरपालिका ९ की १३ वर्षिया रोशनी सरदार, तिरहुत गाउँपालिका १ का ११ वर्षिय मनिष मुखिया र बोदेबरसाइन नगरपालिका ३ की १८ महिनाकी अस्मिता यादवको पोखरीमा डुबेर ज्यान गएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवम डिएसपी माधवप्रसाद काफ्लेका अनुसार २०७७ असारमा २, साउनमा १, भदौमा २, असोजमा ३, कात्तिकमा २, मंसिर, पुस र माघमा क्रमश १/१, फागुनमा ३ जनाको पोखरीमा डुबेर ज्यान गएको छ । यस्तै २०७८ बैशाखमा २ र जेठमा ४ जना गरि २२ जनाको पोखरीमा डुबेर मृत्यु भएको छ ।

जिल्लामा विशेष गरि गर्मीको समयमा यो घटना बढी हुने गरेको पाइएको डिएसपी काफ्लेको भनाई छ । गर्मी बढेसँगै गाउँघरमा पोखरीमा नुहाउने क्रम बढ्ने र लापरवाहीका कारण यस्तो घटना बढी हुनथालेको उनको भनाई छ ।

डुबेर बालबालिकाको बढी मृत्यु हुनुका पछाडी मुख्यत अभिभावकको लापरवाही रहेको भन्दै प्रहरी उपरिक्षक राजेन्द्र धमलाले घर नजिकैको पोखरीमा स-साना बालबालिका नुहाउन जाँदा अभिभावकले निगरानी गर्नुपर्ने हो तर, त्यस्तो हुन सकेको बताए ।

यसैबीच जिल्लाको महदेवा गाउँपालिका २ मण्डल टोल निवासी अनिल मण्डलको छोरी ५ वर्षिया अपेक्षा कुमारी मण्डल आफ्नो घर नजिक रहेको पोखरीमा आफन्त संगै नुहाउन जादाँ डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

पोखरीमा डुबेर मृत्यु हुनेको संख्या बढ्दै गएपछि जिल्ला प्रहरी कार्यालयले स-साना बालबालिकालाई पोखरी, नहर, कुलो, तलाउ लगायतका स्थानमा जान नदिन सबैसँग अपिल गरेको छ ।

# स्थानीय जातका गाईको गहुँतले कालो ढुसीबाट बचाउने

काठमाडौं, ८ असार (रासस)

स्थानीय जातका गाईको गहुँत (गोमुत्र) मा नयाँ भेरियन्टसहितको कोरोनासँगै देखिएको कालो ढुसीबाट बचाउने गुण रहेको यस क्षेत्रमा अध्ययनरत व्यक्तित्वले बताउनुभएको छ । श्री गोलोक गोवर्द्धन संरक्षण धाम, वैष्णव युवा परिषद् नेपाल, कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानलगायत संस्थाले आइतबारदेखि भर्चुअल माध्यमबाट शुरु गरेको सात दिने स्थानीय गाईको संरक्षणका लागि गोरक्षा महोत्सवका वक्ताले वैज्ञानिकरूपमा महत्व पुष्टि भएको स्थानीय जातका गाई लोप हुँदै जान लागेकाले संरक्षण गरिनुपर्नेमा जोड दिनुभएको हो । पछिल्लो समय फैलन थालेको कालो ढुसीबाट बचाउन लसुन र प्याज पनि उपयोगी रहेको उहाँहरूको भनाइ छ ।

कार्यक्रममा कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका अध्यक्ष स्वामी चैतन्य कृष्णले उच्च रक्तचाप र मधुमेहका रोगीलाई स्थानीय जातको गाईको दूधले फाइदा गर्ने तथा यी गाईमा पाइने कर्क्युमिन नामको तत्वले क्यान्सरलाई ठीक गर्न सहयोग गर्ने बताउनुभयो । प्रकृति र पर्यावरणको संरक्षणका लागि पनि स्थानीय जातको गाईलाई जोगाउनुपर्ने उहाँको भनाइ थियो ।

"गाईलाई रासायनिक मलले असर गरेको छ, रासायनिक मलले स्थानीय जातका गाई बाँच्न आवश्यक वातावरण नष्ट हुन थालेको छ, गाईको गहुँतमा सुन नै पाइएको पनि अध्ययनबाट प्रमाणित भएको छ, स्थानीय जातका गाई मानिसजस्तै हिमालय क्षेत्रमा जान सक्छन्", स्वामी चैतन्य कृष्णले भन्नुभयो । मानव शरीरमा एचआइभी एड्सविरुद्ध एण्टीबडी तयार पार्न गाईको दूध उपयोगी भएको तथ्य वैज्ञानिक अध्ययनबाट प्रमाणित भएको छ । स्थानीय जातका गाईमा कीरा वा झिङ्गा कुनै अङ्गमा बसेमा त्योमात्र हल्लाउन सक्ने क्षमता हुन्छ । यो क्षमता जर्सीलगायत अन्य जातका गाईमा हुँदैन ।

स्थानीय जातका गाईको शरीरमा सबै देवीदेवताले बास गर्ने भएकाले गौमाताका रूपमा पूजा आराधना गर्ने वैदिक सनातनी हिन्दू परम्परा छ । वैदिक ग्रन्थमा गोचरणभूमिलाई नाश गर्ने व्यक्तिको कल्याण हुँदैन भनी व्याख्या गरिएको छ । स्थानीय जातका गाईको वैज्ञानिक अध्ययन अनुसन्धानका लागि नेपालमै पहिलोपटक कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानले प्रयोगशाला स्थापना गर्ने तयारी गरेको स्वामी चैतन्य कृष्णले बताउनुभयो ।

नेपाल भूमिमा स्थानीय जातका गाई केन्द्रित कृषि प्रणाली, गाईमा आधारित अर्थनीति आवश्यक रहेकामा उहाँले जोड दिनुभयो । गाईको बिक्री, गाईलाई असहाय बनाएर छाड्ने प्रवृत्तिविरुद्ध जागरण फैलाउन सातदिने महोत्सव जुम प्रविधिबाट आयोजना गरिएको हो । भगवान् पशुपतिनाथको बास रहेको र बाबा गोरखनाथले तपस्या गर्नुभएको नेपाल भूमिमा वेदलक्षणा स्थानीय जातका गाईको दिगो पालनाले नै देशको संरक्षण हुने कार्यक्रमका अधिकांश वक्ताको भनाइ थियो ।

जरोकिलो महाअभियानका अध्यक्ष सह प्रा डा निर्मलमणि अधिकारीले वैदिक ज्ञानमा पुनर्जागरण शुरु भएकाले स्थानीय जातका गाईको पनि संरक्षण हुने वातावरण बनेको बताउनुभयो । वैदिक गुरुकुल विगत १०० वर्षमा अहिले सबैभन्दा बढी पुगेकाले स्थानीय जातका गाईको संरक्षणमा गुरुकुलले भूमिका खेल्नुपर्ने उहाँको भनाइ छ । विसं २०१८ मा स्थानीय जातका गाईलाई बढी दूध दिने बनाउन सुई लगाउन शुरु गरेपछिदेखि नै यसको अस्तित्व सिध्याउन शुरु गरिएको अधिकारीले बताउनुभयो ।दूध बढाउन गौमातालाई यन्त्र बनाएकाले लोप हुने अवस्थामा पुगेको जनाइएको छ । विसं २०२८ मा संविधानमा हिन्दू राज्य उल्लेख गरिए पनि गौमाता एवं लक्ष्मीका रूपमा पुजिने स्थानीय जातका गाई नाश गर्ने अभियान शुरु भएको थियो ।

विसं २०२८ मा आएको नयाँ शिक्षाले धार नै परिवर्तन गरी नेपालको मौलिक विषयवस्तुलाई पन्छाउँदै गएपछि स्थानीय जातका गाईलगायत देशको पहिचानका मौलिकता बोकेका कुरा क्रमशः हराउन शुरु भएको अध्येता अधिकारीको भनाइ छ । हिन्दू जागरणका अध्यक्ष रामकृष्ण उपाध्यायले 'गावो विश्वस्य मातर :' अर्थात् गाई विश्वकै आमा भनी शास्त्रमा वर्णन गरिएबाटै यसको महत्व झल्कने बताउनुभयो । स्थानीय जातका गाईको सेवाका लागि प्रत्येक नेपालीबाट सहयोग जुटाउने अभियान चलाउनुपर्ने उहाँको भनाइ थियो ।

आयोजक समितिका अध्यक्ष स्वामी नन्दकिशोरले सडकमा वृद्ध गाई र गोरु धेरै अलपत्र परेको बताउनुभयो । यस्ता गाईलाई गिद्धले समस्या बनाउँदै लगेको उहाँको भनाइ थियो । महोत्वसव आगामी शनिबारसम्म जुम प्रविधिबाट जारी रहने जनाइएको छ । कार्यक्रममा स्थानीय जातका गाईको संरक्षणका लागि सहयोगसमेत गर्न सकिने जनाइएको छ ।

# रगतको अभाव भइरहेका बेला सहिदको स्मृती दिवस रक्तदान गरि मनाइयो

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

रगतको अभावमा उपचार सेवामा समस्या भइरहेका बेला नेकपा माओवादी केन्द्र सप्तरीले रक्तदान कार्यक्रमको आयोजना गरि सहिदको स्मृती दिवस मनाएको छ ।

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल परिसरमा रहेको रक्तसंचार सेवा केन्द्रमा शुक्रबार रक्तदान कार्यक्रमको आयोजना गरि सहिद दशरथ ठाकुर, गोबिन्द चौधरी, इन्द्रदेव विश्वास, रमेश राम, कमलेश यादव, महेन्द्र यादव र बिजय झाको स्मृती दिवस मनाएको हो ।



सप्तरी निवासी उनी सबै जनयुद्धका क्रममा सहादत प्राप्त गरेका थिए । लामो समयदेखी लकडाउन जारि रहेका कारण जिल्लामा रगतको अभाव देखिन थालेपछि सहिदको स्मृती दिवस रक्तदान कार्यक्रमको आयोजना गरि मनाइएको नेकपा माओवादी केन्द्र सप्तरीका अध्यक्ष उमेश प्रसाद यादवले बताए ।

पूर्वसिचाई मन्त्री समेत रहेका यादवले आफूसहित तीन दर्जन बढी नेता, कार्यकर्ता तथा सर्वसाधारणले रक्तदान गरेको जानकारी दिए ।

# नयाँ मन्त्रीहरूलाई कामकाजमा रोक

काठमाडौं, ८ असार (रासस) ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघठनपछि विस्तार गरिएको मन्त्रिपरषद्लाई मान्यता नदिने अन्तरिम आदेश दिएको छ ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा र न्यायाधीश प्रकाशकुमार ढुंगानाको आजको संयुक्त इजलाशले प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनपछि दुई पटक विस्तार गर्नुभएको मन्त्रिपरिषद्मा उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीलाई मुद्धाको अन्तिम किनारा नलागेसम्म कामकाज गर्न रोक लगाउने आदेश दिएको हो । प्रधानमन्त्रीले गत जेठ ८ गते प्रतिनिधिसभा विघठनपछि गत जेठ २१ र २७ मा पुनः गठन गरी समाजवादी जनता पार्टीका ११ सहित २० मन्त्रीहरू नियुक्त गर्नुभएको थियो ।

“नेपालको संविधानको धारा ७७ को उपधारा (१) नियुक्त प्रतिनिधिसभा विघठनको दोस्रो अवस्थापछि ७७ को (३) बमोजिम प्रधानमन्त्रीको पद रिक्त हुन आएकामा अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेछ ।” अदालतको आदेशमा भनिएको छ, “जे जुन अवस्थामा छ, त्यही मन्त्रिपरिषद्ले कार्यसञ्चालन हुनुपर्छ । विस्तार वा थप गर्नु संविधान अनुकूल भएको देखिएन ।”

अधिवक्ता बालकृष्ण न्यौपाने र अधिवक्ता वीरेन्द्रप्रसाद साहले अलग अलगरूपमा राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइ उक्त रिट दायर गर्नुभएको थियो ।

# करेन्ट लागेर दुईको मृत्यु

लहान, ८ असार (रासस) ।

सिरहामा बेग्ला बेग्लै स्थानमा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा लहान नगरपालिका–९ गोठटोलका ५० वर्षीय जोगिन्द्र साह र भगवानपुर गाउँपालिका–५ लालपुरका ४५ वर्षीय देवनारायण यादव रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सोमबार साँझ १२ हजार भोल्टको तारमा करेन्ट लागेर गम्भीर घाइते भएका साहलाई उपचारका लागि सप्तऋषि अस्पताल लहान लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । त्यस्तै आफ्नो घरको मिटरको तार जोड्ने क्रममा विधुतीय सर्ट भई करेन्ट लागेर गम्भीर घाइते भएका यादवलाई उपचारका लागि लहानतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

# ९ वर्षपछि महिला कुट्ने फरार प्रतिवादी पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

महिलालाई निर्घात कुटपिट गरेको आरोपमा अदालतबाट २ वर्ष कैद सजाय तोकिएका एक फरार अभियुक्त ९ वर्षपछि पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ बभनगामा कटी बस्ने ३१ वर्षिय विश्व कुमार यादव छन् । बिहीबार साँझ घरमै लुकिबसेको अवस्थामा पक्राउ परेका यादवलाई शुक्रबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएपछि आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

डिएसपी माधव काफ्लेका अनुसार २०६९ चैत १५ गते साढेगोरुलाई बाधेको विषयमा विवाद हुँदा यादवले सोही वडा निवासी ललिता चामलिडलाई मर्नासन्न हुनेगरि कुटपिट गरेका थिए ।

कुटपिटबाट महिलाको टाउँको फुट्नुका साथै देब्रे हात समेत भाचिएको थियो । उक्त कुटपिट मुद्दा उपरको सुनवाईमा सप्तरी जिल्ला अदालतले २०७१ पुस ८ गते २ वर्ष कैद सजायको फैसला गरेको थियो । घटनापछि यादव फरार भएका थिए ।

# ठगी मुद्दाका फरार प्रतिवादी पक्राउपछि कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरी प्रहरीले ठगी मुद्दाका एक फरार प्रतिवादीलाई जेठ ३० गते पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्लाको विष्णुपुर गाउँपालिका १ निवासी ४६ वर्षिय इनरदेव यादव छन् । उनलाई प्रहरीले घरबाटै पक्राउ गरि अदालतसमक्ष पेश गरेपश्चात् कैद भुक्तानका कारागार पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

स्थानिय जैफुन खातुनले २०६८ साल असोज २ गते दिएको जाहेरीमा ईनरदेवले खातुनको छोरालाई विदेश बिदेश पठाई दिन्छु भन्दै १ लाख २५ हजार रकम ठगि लिई फरार भएको जनाएको छ । रकम लिएर फरार भएपछि ठगी मुद्दामा सप्तरी जिल्ला अदालतको २०७५ असार २५ गतेको फैसलाले १ बर्ष कैद र १ लाख २५ हजार जरिवाना ठहर गरेको थियो ।

# ट्याक्टरको ठक्करबाट एक यूवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरी खड्क नगरपालिका ८ बोदेबरसाइन बिषणपुर सडकखण्ड अन्तरगत पहाडे भदिया चोकस्थित ट्याक्टरको ठक्करबाट गम्भिर घाइते भएका एक बालकको मृत्यु भएको छ ।

बिषणपुरबाट बोदेबर्साईन तर्फ जादै गरेको अनलटेस्ट मोटरसाइकललाई स.१त २७२६ नम्बरको ट्याक्टरले ठक्कर दिदा माटरसाइकल चालक स्थानिय ढोलबाजा बस्ने २२ वर्षिय अनिल चौधरी घाइते भएका थिए ।

घाइते भएका चौधरीलाई उपचारका लागी रा.उ.स्मारक अस्पताल लाहान सिरहा पुर्याउँदा मृत्यु भएको प्रहरीले जनाएको छ । यता ठक्कर दिने ट्याक्टर प्रहरीको नियन्त्रणमा तथा अन्य अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बाढीको पानीमा डुबेर एक बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरी बलान बिहुल गाउँपालिका वडा नं. ४ बेल्ही स्थितमा रहेको भुतही बलान खोलामा आएको बाढीको पानीमा डुबेर १३ वर्षिय बालकको मृत्यु भएको छ ।

स्थानिय किसुनदेव भण्डारीले खेतमा काम गरिरहेको बेला छोरा संतोष भण्डारीले खाजा पुर्याउने जाने क्रममा उक्त खोलामा आएको बाढीले बगाई बेपता पारेको थियो ।

घटना पश्चात् प्रहरी टोलीले उक्त खोलाको पानीमा खोजतलास गर्दै जाँदा भारतको मधुबनी जिल्ला मझौरास्थित बलान खोलाको छेउमा उनको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## विश्व समाचार

# एप्पल ट्याबलेट कम्प्युटर विश्व बजारमा अग्रस्थानमा, दोस्रोमा सामसुङको उत्पादन

सियोल, ८ असार (रासस/एएनआई) ।

एप्पल र सामसुङ इलेक्ट्रोनिक्सले ट्याब्लेट कम्प्युटरको बजारमा क्रमशः पहिलो र दोस्रो स्थान ओगट्न सफल भएका छन् ।

२१औं काउन्टरपोइन्ट रिसर्चद्वारा ट्याब्लेट मार्केटबारे प्रकाशित बजार अनुगमन विवरणमा विश्वव्यापी ट्याब्लेट कम्प्युटरको बजार अघिल्लो वर्षको तुलनामा यो बर्ष ५३ प्रतिशतले वृद्धि भएको जानकारी गराइएको छ । गत वर्ष ट्याब्लेट बजारको वृद्धि दर १९ प्रतिशत थियो ।

यो बर्षको पहिलो त्रैमासिक रिपोर्ट अनुसार एप्पलले विश्वव्यापी ट्याब्लेट बजारको ३७ प्रतिशत हिस्सा ओगटेको छ भने सामसुङले २० प्रतिशत बजार पाएको छ ।

चिनियाँ टेलिकम कम्पनी हुवावेको ट्याब्लेट उत्पादनले गत वर्ष ११ प्रतिशत बजारसहित तेस्रो स्थान ओगटेकोमा यो बर्ष उक्त स्थान कायम राखेपनि बजार पहुँचमा मात्रै पाँच प्रतिशत स्थान रहेको अध्ययन रिपोर्टमा उल्लेख गरिएको छ ।

अमेरिकी सरकारले ठूलो संख्यामा चिनियाँ इलेक्ट्रोनिक्स, टेलिकम्युनिकेशन र हुवावेलगायत ड्रोन कम्पनीलाई कालोसूचीमा समावेश गरेका कारण हुवावेको बजारमा निकै गिरावट आएको हो ।

कम्पनीलाई कालोसूचीमा समावेश गरिएपछि यसले अमेरिकी कम्पनीहरूको स्वामित्वको ‘प्याटेन्ट’ र स्रोत प्रविधिहरू साथै अमेरिकी प्रविधि समावेश गर्ने अंशहरू खरीद गर्न सक्दैन ।

यसबाहेक कालोसूचीमा रहेका कम्पनीहरू सूचीकृत हुन सक्दैनन् । स्मार्टफोन र ट्याब्लेटको पार्ट्स पाउन नसक्दा हुवावेले नयाँ उत्पादनहरुलाई बजारमा ल्याउन सक्दैन ।

सामसुङको ग्यालक्सी ट्याब एस-सेभेन लाइट हालै युरोपका धेरै देशहरूमा लोकप्रिय बनेको छ । ग्यालक्सी ट्याब एस-सेभेन लाइट उत्तरी अमेरिकी, यूरोपेली मुलुकहरूका शैक्षिक संस्थामाझ लोकप्रिय बनेको छ ।

# खोप उत्पादन ल्याब विस्तारमा एसके बायोसाइन्सले एक खर्ब ५० अर्ब वन लगानी गर्ने

सियोल, ८ असार (रासस/एएनआई) ।

एसके बायोसाइन्सले विश्वव्यापी खोप उत्पादनको केन्द्र बन्नेगरी काम सुरु गरेको छ ।

एसके बायोसाइन्सले उत्तर ग्योङसाङ प्रान्तको एन्डोङमा अवस्थित खोप कारखाना एल हाउसमा कारखाना र उत्पादन केन्द्र विस्तार गर्न लगानी गर्न ग्योङबुक प्रान्त र एन्डोङ सिटीसँग सम्झौता पत्रमा हस्ताक्षर गरेको घोषणा गरेको छ । खोपहरूको बढ्दो मागलाई ध्यानमा राख्दै खोपको लागि उच्च प्रविधिको सुविधा विस्तार गर्न र कारखानाका लागि थप केन्द्र सुरक्षित राख्न एसके बायोसाइन्सले सन् २०२४ सम्ममा लगभग एक खर्ब ५० करोड वन लगानी गर्नेछ साथै एल हाउसले यो लगानीमा उत्पादन सुविधा विस्तार गर्नेछ ।

एल हाउसले कोषीका परीक्षण, जीवाणु परीक्षण, आनुवंशिक पुनः संयोजन र प्रोटिन ‘बाइन्डिङ’जस्ता नवीनतम सेवा तथा खोप उत्पादन सुविधा र एमआरएनए र पछिल्लो पुस्ताको भाइरल भेक्टरका लागि नयाँ सुविधा स्थापना गर्नेछ ।

यसबाहेक, यसले ग्योङबुक बायोको दोस्रो औद्योगिक क्षेत्रमा थप ९९,१३० वर्ग मिटर जमिन खरिद गरी कारखाना स्थललाई १६१,००० वर्ग मिटरमा विस्तार गर्नेछ । एसके बायोसाइन्सले बढ्दो खोप उत्पादनको साथ कोरियाली घरेलु बजारमा आफ्नो प्रमुख स्थानलाई सुदृढ पार्न र विश्वव्यापी खोप उत्पादनको केन्द्र बन्न आफ्नो व्यवसाय विस्तार गर्ने योजना बनाएको हो ।

# अफगान सेनाको कारबाहीमा १४ तालिबानीको मृत्यु

काबुल, ८ असार (रासस-सिन्ह्वा) ।

अफगान वायुसेनाको कारबाहीमा चौध जना तालिबानी लडाकूको मृत्यु भएको छ । रक्षा मन्त्रालयले सोमबार राति समानगान प्रान्तको फिरोज नाखचिर जिल्लामा गरिएको कारबाहीमा तालिबानी विद्रोही लडाकूहरु मारिएको पुष्टि गरेको छ । तालिबानी लडाकूहरु लुकेर बसेको भन्ने सूचनाका आधारमा सेनाले आक्रामक कारबाही गरेको बताएको छ ।

मन्त्रालयले तालिबान समूहको आश्रय स्थल, पाँच वटा क्षेप्यास्त्र, दुई वटा भारी बन्दुक तथा सात वटा राइफल पनि ध्वस्त बनाइएको जनाएको छ । तालिबान समूहले पछिल्ला केही समयदेखि सरकारी सुरक्षा फौजलाई लक्षित गरी देशैभर हिंसात्मक घटनाहरु बढाएका छन् । खासगरी अफगानिस्तानमा तैनाथ अमेरिकी र नेटो सैनिकहरु आगामी सेप्टेम्बर ११ अगाबै स्वदेश फर्कन लागेसँगै तालिबानले देशव्यापी हिंसा मच्चाएको मानव अधिकारवादी समूहहरुले बताएका छन् ।

गत महिना मात्र तालिबानले देशका ४० भन्दा बढी जिल्लाहरु आफ्नो नियन्त्रणमा लिएका छन् । पछिल्लो घटनाका बारेमा तालिबान समूहले कुनै प्रतिक्रिया जनाएको छैन ।

# बालिकाको सामूहिक बलात्कारमा संलग्न एक फरार अभियुक्त १३ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरी प्रहरीले १३ वर्षअघि १० वर्षिय बालिकाको सामूहिक बलात्कारमा संलग्न एक जनालाई पक्राउ गरेको छ ।



विशेष सूचनाको आधारमा बिहीबार साँझ जिल्ला प्रहरी कार्यालयबाट खटेको टोलीले १० वर्षिय बालिका बलात्कार गरि फरार रहेका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ३ निवासी ओमप्रकाश मुखियालाई घरमै लुकीबसेको अवस्थामा पक्राउ गरेको हो । सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएका उनलाई आदेशानुसार कैद भुक्तानका लागि शुक्रबार राजविराज कारागार चलान गरिएको छ ।

२०६४ साल असोज ९ गते २ बजेतिर सोही गाउँपालिकाकी १० वर्षिय बालिका गाईबस्तु चराउन घरबाहिर निस्केको मौकाछोपी मुखियासहितको चारजनाको समूहले बाँसघारीमा लगि बलात्कार गरेको प्रहरीले जनाएको छ । घटना लगत्तै बलात्कारमा संलग्न सबै फरार भएका थिए ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्त एवं डिएसपी माधवप्रसाद काफ्लेका अनुसार उक्त मुद्दा उपर सुनुवाई गर्दै सप्तरी जिल्ला अदालतले २०७५ असार ३ गते सबै आरोपितलाई जनही १३ वर्ष कैद सजायको फैसला सुनाएको थियो । घटनामा संलग्न एक जना यसअघि नै पक्राउ परिसकेका छन् भने दुई जना अझै फरार रहेको र खोजि कार्य जारि रहेको प्रहरीले जनाएको छ ।

# समाचारप्रति गम्भीर आपत्ति

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

प्रदेश २ का मुख्य न्यायाधिवक्ता दिपेन्द्र झाले केही सञ्चारमाध्यममा आफ्नो राजिनामाको विषयमा आएको समाचारप्रति गम्भीर आपत्ति जनाएका छन् ।

आफुले राजिनामा दिने मुडमा वा तयारीमा रहेको भनी आएको समाचार भ्रामक रहेको भन्दै उनले आपत्ति जनाएका हुन् ।

केही सञ्चारमाध्यममा आएको समाचारको विषयमा उनले शनिवार विहान सामाजिक सञ्जाल फेसबुक मार्फत प्रतिक्रिया सार्वजनिक गरेका छन् ।

मुख्य न्यायाधिवक्ता झाले सामाजिक सञ्जालमा लेखेका छन् 'म राजिनामा दिने मुडमा वा तयारी आदि भ्रामक समाचार मैले कतिपय ठाउँमा हेरे, यस समबन्धमा मलाई कहीँ कतै कुनै जानकारी नभएको र कसैले सोधेको वा कुरा गरेको छैन, यसकारण यस्ता समाचार कसले कुन प्रयोजनकोलागि लेखे भन्ने कुरा आफूलाई जानकारी नभएकोले खण्डन गर्दछु ।"

आफु काम विशेषले राजधानी काठमाण्डौमा रहेको जानकारी दिँदै उनले विहानै आफुले यस्तो भ्रामक समाचार हेरेपछि आश्चर्यचकित भएको बताए ।

# ब्राउन सुगरसहित दुई जना पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको राजविराज नगरपालिका ४ का २४ वर्षिय कृष्णा साह र राजविराज नगरपालिका १६ का २३ वर्षिय पंकज देव छन् ।

बिहीबार साँझ अनुमाननगर कंकालिनी नगरपालिका १ कोशी नदी क्षेत्रमा स.१०प. ५१०२ नम्बरको मोटरसाइकल चढेर आउँदै गर्दा शंका लागि चेकजाँचको क्रममा साह र देव पक्राउ परेका हुन् ।

मोटरसाइकलको पछिल्लो सीटमा सवार देवको साथबाट १२ ग्राम ब्राकउन सुगर फेला परेको डिएसपी माधवप्रसाद काफ्लेले बताए ।

पक्राउ परेका दुबै जनालाई लागुऔषध खैरो हिरोइन मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।





विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer – Money Transfer Made Easy | Best Remit – Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money – Chaudhary Group


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*